चुमनुब्री गाउँसभा १७ औं अधिवेशन मिति : २०८२।०३।०३ गते।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति २०८२।०३।०३ गतेको सभाका कार्यसूची तथा प्रस्तावहरू

१. आ.व.२०८२।८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आ. व २०८२।८३ को वार्षिक बजेट सम्बन्धमा।
३. आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ सम्बन्धमा।
४. प्रोफाईल सम्बन्धमा।
५. समितिका निर्णय तथा प्रतिवेदन सम्बन्धमा।

**निर्णयहरू:**

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामाज्यूद्धारा चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम सभामा गर्ने र छलफल गर्ने।

२. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को तपसिलको बार्षिक बजेट( राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना सभामा पेश गर्ने र छलफल गर्ने।

कुल बजेट रू ४७,४०,९८,०००.००

चालु बजेट रू २८,०९,५८,०००.००

पुंजीगत बजेट रू १९,३१,४०,०००.००

३. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को अर्थ सम्बन्धी व्यवस्था भएको आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ सभामा पेश गर्ने र छलफल गर्ने।

४. चुमनुब्री गाउँपालिकाको पार्श्वचित्र (प्रोफाईल) निर्माण तथा अद्यावधिक गर्ने कार्य अस्पिसियस ईन्भारोमेण्टेल कन्सल्ट प्रा ली ले तयार गरेको प्रतिवेदन स्विकृत गर्दै सम्झौता बमोजिम भुक्तानी दिने।

५. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा, वार्षिक कार्यक्रम तयारी तथा आय व्यय अनुमान, राजश्वका दर तथा क्षेत्रगत कार्यक्रम निर्धारणका सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजश्व परामर्श समिति तथा आर्थिक विकास समिति, पूर्वाधार विकास समित र सामाजिक विकास समितिबाट पारित भएका निर्णय तथा प्रतिवेदन कार्यपालिकाबाट पेश भए अनुसार अनुमोदन गर्ने।

निमा लामा
अध्यक्ष

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत